# नेपाल राष्ट्र बैंक
## विदेशी विनिमय व्यवस्थापन विभाग

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ ।
फोन नं.: ४४१४८०४/८०५/८०७
एक्सटेन्सन ५३०
पोष्ट बक्सः ७३
Email :fxmd_policy@nrb.org.np

इ.प्रा. परिपत्र संख्या : २४/२०७८-७९

मितिः २०७८/१२/१५

**श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग विभागलगायत सम्पूर्ण प्रदेशस्थित कार्यालयहरु ।**
**श्री विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त "क" वर्गका वाणिज्य बैंकहरु, राष्ट्रियस्तरका "ख" वर्गका विकास बैंकहरु र अन्य निकायहरु ।**

**विषय : एकीकृत परिपत्र-२०७८ मा संशोधन गरिएको सम्बन्धमा ।**

महाशय,

विदेशी विनिमय कारोबार गर्न इजाजतपत्रप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०७८ मा देहायबमोजिम संशोधन/थप गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. एकीकृत परिपत्र-२०७८ को एकीकृत इ.प्रा. परिपत्रः ०१/२०७८ को दफा १.१.१ को खण्ड (ग) अन्तर्गत देहायबमोजिम उपखण्ड (९) थप गरिएको छः

**अन्तर्राष्ट्रिय व्यापारका लागि जारी हुने प्रतीतपत्रमा प्रचलित व्यवस्थाबमोजिम चोभारको सुक्खा बन्दरगाह भन्सार कार्यालय नाका हुने गरी समेत जारी गर्न सकिनेछ । साथै, मेची, विराटनगर, वीरगञ्ज, सुक्खा बन्दरगाह सिर्सिया र भैरहवा भन्सार कार्यालयबाट पैठारी गर्ने गरी प्रतीतपत्र जारी भैसकेका मालवस्तुको समेत पैठारीकर्ताको माग भएमा प्रचलित व्यवस्थाबमोजिम चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयको नाममा भन्सार विन्दु परिवर्तन गर्न सकिनेछ ।**

भवदीय,

२०७८।१२।१५

(रामु पौडेल)
कार्यकारी निर्देशक

बोधार्थः
१) श्री गभर्नरको कार्यालय ।
२) श्री डेपुटी गभर्नरको कार्यालय ।
३) नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा ।
४) नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग ।
५) नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग ।
६) श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
७) श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
८) श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
९) श्री नेपाल राष्ट्र बैंक, गैर बैंक तथा वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
१०) श्री नेपाल राष्ट्र बैंक, आन्तरिक लेखापरीक्षण विभाग ।
११) श्री नेपाल उद्योग वाणिज्य महासंघ ।
१२) श्री नेपाल उद्योग परिसंघ ।
१३) श्री नेपाल चेम्बर अफ कमर्स ।
१४) श्री नेपाल बैंकर्स संघ ।
१५) श्री डेभलपमेण्ट बैंकर्स एशोसिएसन ।